नेपाल सरकार

**युवा तथा खेलकुद मन्त्रालय**

सिंहदरबार, काठमाडौं

# राष्ट्रिय युवा परिषद्को उपाध्यक्ष पदका लागि दरखास्त आह्वान सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति : २०८२/१२/२३

मिति २०८२ पौष २८ गते राष्ट्रिय युवा परिषद्को उपाध्यक्ष नियुक्तिका लागि यस मन्त्रालयबाट सात दिनको म्याद राखी गोरखापत्रमा प्रथम पटक सूचना प्रकाशन भएकोमा उक्त सूचनाबमोजिमको अवधिमा प्राप्त दरखास्तहरूलाई कायमै राखी २०८२ चैत्र २३ देखि लागू हुने गरी थप सात दिन (२०८२ चैत्र २९ गते) सम्मको समय दिई दरखास्तको म्याद थप गरिएको छ । दरखास्त दिने अन्तिम दिन कार्यालय समयभित्र सिफारिस समितिको सचिवालय, युवा तथा खेलकुद मन्त्रालय, सिंहदरबारमा दरखास्त पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । साथै, साविकमा दरखास्त पेस गर्नुभएका व्यक्तिहरूले दरखास्त परिमार्जन गर्न चाहेमा स्वयम् उपस्थित भई साविकको दरखास्त फिर्ता बुझी नयाँ दरखास्त बुझाउनु पर्नेछ । दरखास्त साथ पेस गर्नुपर्ने कागजातहरू, दरखास्त फारामको नमुना, कार्ययोजनाको सम्भावित खाका, मूल्याङ्कनका आधारहरू र अन्य जानकारीका लागि युवा तथा खेलकुद मन्त्रालयको वेबसाइट www.moys.gov.np मा हेर्नुहुन अनुरोध छ । यस सम्बन्धमा थप जानकारी लिनु परेमा युवा तथा खेलकुद मन्त्रालयको फोन नं ०१-४२००५४२ मा सम्पर्क गर्न सकिनेछ ।